**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०९/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्रतिवादी** उदय कुमार यादव, समेत कूल ८ जना (उदय कुमार यादव, शिलादेवी कापर, शत्रुघ्न यादव, लोक बहादुर नेपाली, सुदिपकुमार भट्टराई, कपिलदेव प्रसाद अधिकारी, श्रीकृष्ण भिनवार र सरोज कुमार महत्तोले आरोप दाबीबाट सफाई पाउने ठहर्छ) *प्रतिवादीहरु भएको, विशेष* अदालत काठमाडौंमा मुद्दा **विशेष अदालत मुद्दा नं.:- ०८०-CR-०११५फैसला भएको मितिः-** २०८१/०३/१७ **फैसला प्रमाणिकरण मितिः-** २०८२/०४/२१ | स्यानिटरी प्याड खरिदमा अनियमितता गरी गराई स्यानिटरी प्याड खरिदमा अनियमितता गरी गराई भ्रष्टाचार गरेको। भ्रष्टाचार गरेको। | प्रस्तुत मुद्दामा देहाय बमोजिमका राष्ट्रसेवकहरु समेत उपर सजायको मागदाबी लिइएको तथा सोको सम्बन्धमा सम्मानित बिशेष अदालतबाट निम्नानुसारको फैसला भएको अवस्था विद्यमान छ:<br>क. जिल्ला धनुषा शहीदनगर **नग**रपालिका धनुषाका तत्कालीन नगर प्रमुख उदय कुमार यादव, तत्कालीन नगर उपप्रमुख शिला देवी कापर, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शत्रुघ्न यादव, तत्कालीन लेखापाल लोक बहादुर नेपाली, तत्कालीन जिन्सी शाखा प्रमुख सुदिप कुमार भट्टराई, तत्कालीन स्वास्थ्य संयोजक कपिलदेव प्रसाद अधिकारी, तत्कालीन सव इन्जिनीयर श्री सरोज कुमार महतो र श्री मा.वि. हट्ठीपुरवाहाका तत्कालीन प्रधानाध्यापक श्रीकृष्ण भिनवारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) बमोजिमको कसुरमा निजहरु उपर रु. १३,९३,६८७।-(तेह्र लाख त्रियानब्बे हजार छ सय सतासी मात्र) बिगो कायम गरी सोही ऐनकोदफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो समेत असूल उपर हुन समेतको माग दावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>ख. **प्रतिवादी रेजा ट्रेडिङ्ग प्रा.लि. जनकपुर उपमहानगरपालिका ९, धनुषा का प्रोपराइटर तथा रेजा दैनिक पत्रिकाका प्रकाशक अकवर मंसुरलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा रु. १३,९३,६८७।-(तेह्र लाख त्रियानब्बे हजार छ सय सतासी मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन समेतको माग दावी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>**विशेष अदालतको फैसलाः**<br>क. प्रतिवादी अकवर मन्सुरले भ्रष्टाचार | फैसलाः<br>प्रस्तुत मुद्दामा प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>तिवादीहरु उदय कुमार यादव, शिलादेवी कापर, शत्रुघ्न यादव, लोक बहादुर नेपाली, सुदिपकुमार भट्टराई, कपिलदेव प्रसाद अधिकारी, श्रीकृष्ण भिनवार र सरोज कुमार महत्तोको सेनिटरी प्याड खरिद प्रक्रियामा बदनियत नदेखिएको तर कानूनी त्रुटि गरेको देखिए तापनि सामान्य कार्यविधिगत त्रुटि आफैमा भ्रष्टाचारजन्य फौजदारी कसुर मान्न न्यायोचित देखिएन।<br>**ब्र.** निज प्रतिवादीहरुलाई यस प्रकारको खरिद सम्बन्धि कार्य प्रकृया अपनाउँदा अनिवार्य रुपमा कानुन द्धारा निर्धारित प्रकृया अबलम्बन गर्न सचेत गराउँदै निजहरुले आरोप दावीबाट सफाई पाउने ठहर्छ। | जिल्ला धनुषा, शहीदनगर नगरपालिकाले आ.व. २०७७/०७८ मा स्यानिटरी प्याडमा रु.१५ लाख रुपैंया बराबरको रकमको सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली २०६४ को पालना नगरी खरिद गरेको तथा गुणस्तरयुक्त नभएको स्यानिटरी प्याड खरिद गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा जिल्ला धनुषा, शहीदनगर नगरपालिकाको स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको मिति २०७७/०९/२७ गते भएको बैठकले उक्त प्याड खरिद गर्न नगरपालिकाको सशर्त अनुदानको बजेट शीर्षकको रकम रु. १५ लाखको स्यानिटरी प्याड सार्वजनिक खरिद गर्न खरिद प्रकृया अगाडि बढाउने निर्णय पारित गरी सोही निर्णयानुसार प्याड खरिद गर्न स्थानिय पत्रिकामा सूचना प्रकाशन गर्ने निर्णय समेत भएको देखिन्छ। शहीदनगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, धनुषाले मिति २०७७/१०/१२ मा ३ ओटा फर्महरुलाई दररेट उपलब्ध गराईदिनको लागि पत्राचार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क र ऐ. नियमावली, २०६४ को नियम १८ बमोजिमको मौजुदा सूची तयार गरेको देखिदैन। तत्पश्चात उक्त कार्यालयको च.नं. ११२१, मिति २०७७/१०/२१ को पत्रबाट रेजा टुडे राष्ट्रिय दैनिक पत्रिकालाई स्यानिटरी प्याडको खरिदको सूचना प्रकाशित गरिदिन पत्राचार गरेको र सोही बमोजिम रेजा टुडे राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७७/१०/२२ मा शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित गरेको भन्ने विवरणहरु जिल्ला धनुषा शहीदनगर नगरपालिकाको कार्यालयबाट प्राप्त भएकोमा शहीदनगर नगरपालिकाले रेजा टुडे राष्ट्रिय दैनिक पत्रिकालाई लेखेको पत्र र रेजा टुडे राष्ट्रिय दैनिक पत्रिकाले मिति २०७७/१०/२२ मा प्रकाशन गरेको भनिएको शिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा स्यानिटरी प्याडको आवश्यक संख्या समेत खुलेको देखिदैन। शहीदनगर नगरपालिकाको कार्यालयले शिलबन्दी दरभाउपत्र आह्वानको सूचना रेजा टुडे राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७७/१०/२२ मा प्रकाशित गरेको सूचना भिडानको लागि प्रेस काउन्सिल नेपालबाट अभिलेख माग गरी भिडान गर्दा मिति २०७७/१०/२२ गतेको रेजा टुडे दैनिक पत्रिकाको प्रकाशनमा शहीदनगर नगरपालिकाको कुनै पनि सूचना प्रकाशित भएको पनि देखिंदैन। रेजा ट्रेडिङ्ग प्रा.लि. का प्रोपराइटर र रेजा टुडे पत्रिकाका प्रकाशक एउटै व्यक्ति अकवर मन्सुर रहेकोमा विवाद छैन भने प्रतिवादी अकवर मन्सुरलाई आरोपित कसूर कायम गरि सजाय समेत भएको अवस्थामा अदालत स्वयंले उक्त खरिद प्रक्रियामा कानुनद्वारा निर्धारित प्रक्रिया अबलम्वन नभएको तथ्यलाई स्वीकार समेत गरेको देखिन्छ। यसरी स्यानिटरी प्याड खरिद सम्बन्धमा जिल्ला धनुषा शहीदनगर नगरपालिका र रेजा ट्रेडिङ्ग प्रा.लि. बीच मिति २०७७/११/१९ मा खरिद सम्झौता गरिएको भएतापनि आपूर्तिकर्ताले सम्झौता हुनु भन्दा अगावै र आपूर्ति गर्नु पर्ने सामानको परिमाण थाहा नहुदै मिति २०७७/११/१३ मा २१४४३ पिस स्यानिटरी प्याडको मू.अ.कर सहितको मूल्य रु. १४,९९,८७३।५२ को कर विजक (विक्री बिल) जारी गरी नगरपालिकालाई सामान उपलब्ध गराई शहीदनगर नगरपालिका, धनुषाको गो.भौ.नं. १२१ मिति २०७७/११/१८ बाट रु. १३,९३,६८७।- रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिंदा सोही ऐनको दफा ८(४) बमोजिम ६ महिना कैद र बिगो रु.१३,९३,६८७।– बमोजिम जरिवाना गरी सो बिगो समेत शहिदनगर नगरपालिकाले असूर गरी लिन पाउने ठहर्छ।<br>अन्य प्रतिवादीहरु उदय कुमार यादव, शिलादेवी कापर, शत्रुध्न यादव, लोक बहादुर नेपाली, सुदिपकुमार भट्टराई, कपिलदेव प्रसाद अधिकारी, श्रीकृष्ण भिनवार र सरोज कुमार महत्तोले आरोप दावीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको देखिन्छ। | | भुक्तानी प्राप्त गरिसकेको देखिन्छ। मिति २०७७/१०/२२ मा शिलबन्दी दरभाउपत्र आह्वानको सूचना रेजा टुडे राष्ट्रिय दैनिक पत्रिका प्रकाशित गरेको भनिएतापनि प्रेस काउन्सिल नेपालबाट अभिलेख माग गरी भिडान गर्दा झुठ्ठा विवरण तयार गरी प्रतिवादीहरुले एकआपसमा मिलेमतो गरी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित नै नगरी प्रतिस्पर्धालाई सिमित गरी गराई उक्त स्यानिटरी प्याड खरीदमा जिल्ला धनुषा शहिदनगर नगरपालिकाका तत्कालीन नगर प्रमुख उदय कुमार यादव, तत्कालीन नगर उपप्रमुख शिला देवी कापर, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शत्रुघ्न यादव, तत्कालीन लेखापाल लोक बहादुर नेपाली, तत्कालीन जिन्सी शाखा प्रमुख सुदिप कुमार भट्टराई, तत्कालीन स्वास्थ्य संयोजक कपिलदेव प्रसाद अधिकारी, तत्कालीन सव इन्जिनीयर श्री सरोज कुमार महतो, सेनेटरीप्याड वितरण समितिका सदस्य रहेका श्री मा.वि. हट्टीपुरवाहाका तत्कालीन प्रधानाध्यापक श्रीकृष्ण भिनवार समेतले खरीद सम्झौता एवंम् कार्यादेश दिने कार्यमा प्रत्यक्ष संलग्न भई आपूर्तिकर्ता रेजा ट्रेडिङ्ग प्रा.लि. र रेजा टुडे राष्ट्रिय दैनिक पत्रिका का प्रोपराइटर/प्रकाशक अकवर मंसुरसँग बदनियतपूर्वक आफूहरुले व्यक्तिगत लाभ लिने र शहिदनगर नगरपालिका धनुषालाई हानिनोक्सानी पुर्याउने मनसायले मिलेमतो गरी गलत कागजातहरु तयार गरी गराई रु.१३,९३,६८७।–(तेह लाख त्रियानब्बे हजार छ सय सतासी मात्र) बराबरको विगो हानिनोक्सानी पुर्याई भ्रष्टाचारजन्य कसुर गरेको उल्लिखित तथ्य प्रमाणहरुबाट पुष्टि हुँदाहुँदै उक्त प्रमाणहरुलाई नजरअन्दाज गरि यि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भएकोले बदर भागी छ।<br>३. **जिल्ला धनुषा शहीदनगर नगरपालिका धनुषाका तत्कालीन नगर प्रमुख उदय कुमार यादव, तत्कालीन नगर उपप्रमुख शिला देवी कापर, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शत्रुघ्न यादव, तत्कालीन लेखापाल लोक बहादुर नेपाली, तत्कालीन जिन्सी शाखा प्रमुख सुदिप कुमार भट्टराई, तत्कालीन स्वास्थ्य संयोजक कपिलदेव प्रसाद अधिकारी, तत्कालीन सव इन्जिनीयर श्री सरोज कुमार महतो, श्री माहट्टीपुरवाहाका .वि. ष्ण भिनवारतत्कालीन प्रधानाध्यापक श्रीकृ समेतले** आ.व. २०७७/७८ मा जिल्ला धनुषा शहिदनगर नगरपालिकाले शशर्त अनुदान तर्फको स्यानिटरी प्याड खरीदको लागि मिति २०७७/११/१९ मा रेजा ट्रेडिङ्ग प्रा.लि. सँग खरिद सम्झौता गरेकोमा उक्त खरीद सम्झौता गर्नु अघि नै मिति २०७७/११/१३ मा कार्यालयको गो.भौ.नं. १२१ बाट भुक्तानी गरेको, शिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा स्यानिटरी प्याडको आबश्यक संख्या नखुलेको तर सम्झौता हुन अगावै र कही कतै संख्या स्पष्ट नहुदै रेजा ट्रेडिङ्ग प्रा.लि. मिति २०७७/११/१३ मा जारी गरेको कर विजकमा २१४४३ पिस स्यानिटरी प्याड आपूर्ति गरेको कार्य शंकास्पद एवं अस्वभाविक देखिएको, शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित भएको भनिएको मिति २०७७/१०/२२ को रेजा टुडे राष्ट्रिय दैनिक पत्रिकाको प्रेस काउन्सिल नेपालबाट अभिलेख माग गरी भिडान गर्दा भिडान हुन नसकेकोले खरिद कानूनको प्रावधान विपरीत झुठ्ठा विवरण एवं सूचनाहरु तयार गरी गलत कागजातहको आधारमा वदनियतपूर्ण ढंगले खरिद सम्झौता एवं सो को भुक्तानी सम्मका कार्यहरु भए गरेकोमा उक्त कार्यमा यि प्रतिवादीहरुले स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा रही दरभाउपत्र प्रस्ताव स्वीकृत गर्ने, रेजा ट्रेडिङ प्रा.लि. सँग सम्झौता गरी कार्यादेश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दिने भूमिकामा प्रत्यक्ष संलग्न रही बदनियतपूर्वक आफूहरुले व्यक्तिगत लाभ लिने मनसायले प्रतिवादी अकवर मंसुरसँग मिलेमतो गरी भ्रष्टाचारजन्य कार्य गरी गराई रु.१३,९३,६८७।-(तेह लाख त्रियानब्बे हजार छ सय सतासी मात्र) बराबरको रकम शहिदनगर नगरपालिकालाई हानिनोक्सानी पुर्याएको उल्लिखित तथ्य प्रमाणहरुबाट पुष्टि हुँदाहुँदै यि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भएकोले बदर भागी छ।<br>. प्रतिवादीहरुले उक्त सेनिटरी प्याड खरिद प्रक्रियामा बदनियत नदेखिएको भन्ने आधारको सन्दर्भमा हेर्दा, सम्मानित सर्वोच्च अदालतबाट **सार्जन पाण्डे विरुद्ध नेपाल सरकार भएको सर्वोच्च अदालत बुलेटिन,वर्ष १८,अंक १५,मंसिर २०६६,पूर्णाङ्क ४१७,पृष्ठ १९मा** "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिन वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ" भनि नजिर सिद्धान्त प्रतिपादन भएको देखिन्छ भने मथुरा ढकाल वि. नेपाल सरकार भएको अंक ११ भाग ६० निर्णय नं १०१४२ मा भ्रष्टाचारजन्य कसूर हुनको लागी आर्थिक लाभ हानी मात्र पर्याप्त आधार होईन।प्रतिवादीहरुको अवाञ्छित किसिमको दोषपुर्ण गतिविधीवाट कसैलाई हानी हुने र कसले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसूरको दायरा भित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीको त्यस किसिमको गैर कानूनी र अवाञ्छित किसिमको गतिविधी केवल आर्थिक लाभ वा हानी पुर्याउने मनसाय साथगरेको थिएन भन्ने आधार मात्र दोटपुर्ण कार्यवाट उन्मुक्ति पाउने अवस्था नहुने" भनि प्रतिपादित सिद्धान्त समेतको आधारमा प्रस्तुत मुद्दामा पनि प्रतिवादीहरुको क्रियातत्व हेर्दा प्रतिवादीहरुले जिल्ला धनुषा शहीदनगर नगरपालिका र रेजा ट्रेडिङ्ग प्रा.लि. बीच मिति २०७७/११/१९ मा खरिद सम्झौता गरिएको भएतापनि आपूर्तिकर्ताले सम्झौता हुनु भन्दा अगावै र आपूर्ति गर्नु पर्ने सामानको परिमाण थाहा नहुदै मिति २०७७/११/१३ मा २१४४३ पिस स्यानिटरी प्याडको मू.अ.कर सहितको मूल्य रु. १४,९९,८७३।५२ को कर विजक (विक्री बिल) जारी गरी नगरपालिकालाई सम्झौता बमोजिमको सामान उपलब्ध गराई शहीदनगर नगरपालिका, धनुषाको गो.भौ.नं. १२१ मिति २०७७/११/१८ बाट रु. १३,९३,६८७।- रकम खुद भुक्तानी प्राप्त गरिसकेको देखिन्छ।साथै मिति २०७७/१०/२२ को शिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा स्यानिटरी प्याडको आवश्यक संख्या देखिदैन तर रेजा ट्रेडिङ्ग प्रा.लि.ले विक्री विजकमा २१४४३ पिस स्यानिटरी प्याड उल्लेख गरेको देखिन्छ। सम्झौता हुनु अगावै सामानको आपूर्ति गरी सो को विल विजक जारी गरी भुक्तानी समेतको कार्य गरेको देखिन्छ भने मिति २०७७/१०/२२ मा शिलबन्दी दरभाउपत्र आह्वानको सूचना रेजा टुडे राष्ट्रिय दैनिक पत्रिका प्रकाशित गरेको भनिएतापनि प्रेस काउन्सिल नेपालबाट अभिलेख माग गरी भिडान गर्दा झुट्ठा विवरण तयार गरेको देखिएको समेतबाट उक्त स्यानिटरी प्याड खरीदको प्रतिस्प्रधालाई समेत सिमित गराई एक्लौटी रुपमा यि प्रतिवादीहरु शहिदनगर नगरपालिकाका तत्कालीन नगर प्रमुख उदय कुमार यादव, तत्कालीन नगर उपप्रमुख शिला देवी कापर, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शत्रुघ्न यादव, तत्कालीन लेखापाल लोक बहादुर नेपाली, तत्कालीन जिन्सी शाखा प्रमुख सुदिप |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कुमार भट्टराई, तत्कालीन स्वास्थ्य संयोजक कपिलदेव प्रसाद अधिकारी, तत्कालीन सब इन्जिनीयर श्री सरोज कुमार महतो, सेनेटरीप्याड वितरण समितिका सदस्य रहेका श्री मा.वि. हट्टीपुरवाहाका तत्कालीन प्रधानाध्यापक श्रीकृष्ण भिनवार समेतले खरीदको सम्झौता एवंम् कार्यादेश दिने कार्यमा संलग्न भई आपूर्तिकर्ता रेजा ट्रेडिङ्ग प्रा.लि. र रेजा टुडे राष्ट्रिय दैनिक पत्रिका का प्रोपराइटर/प्रकाशक अकवर मंसुरसँगको बदनियतपूर्वक आफूहरुले व्यक्तिगत लाभ लिने मनसायले मिलेमतो गरी गलत कागजातहरु तयार गरी गराई रु.१३,९३,६८७।–(तेह लाख त्रियानब्बे हजार छ सय सतासी मात्र) बराबरको बिगो शहिदनगर नगरपालिकालाई हानिनोक्सानी पुर्याई भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुंदा हुँदै उल्लिखित नजिर सिद्धान्तको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाइ दिने गरि भएको उक्त फैसला त्रुटि पूर्ण रहेकोले बदर भागी छ। |